## सुनकोशी गाउँपालिकाको

## कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि,

**सुनकोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पाङ्ग्रेटार, सिन्धुपाल्चोक।**

गाउँ कार्यपालिका बैठकबाट पारित मिति: २०८०।०८।२०

प्रमाणित मिति: २०८०।०८।२०

# कृषि तथा पशु विकासमा आधारित साना किशान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति :-२०८०।०८।२०

प्रमाणित मिति :-२०८०।०८।२१

**प्रस्तावना**

ग्रामिण स्तरमा पशुपालनका क्षेत्रमा गाँई, भैसी, बाख्रा लगायतका पशुपालन पेशा प्रति किसानहरुलाई प्रोत्साहित एवम् उत्प्रेरित बनाई उद्यमशील बनाउनका लागि लगानी मैत्री वातावरणको सिर्जना गरी व्यवसायको उत्थान तथा संरक्षण गरी लागतमा आधारित व्यवसायीहरुलाई सहयोग प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारको समेत रहेको छ । गाउँसभा मार्फत् वार्षिक नीति तथा कार्यक्रम र विनियोजित बजेटको शीर्षकमा विनियोजन भएको बजेट खर्च गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिकाको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० गाउँ कार्यपालिकाबाट स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:-** (१) यस कार्यविधिको नाम:- कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि कार्यापालिकाबाट स्वीकृत भए पश्चात् लागू हुनेछ।

**२. परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले सुनकोशी गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ।

(ख) "अनुदान" भन्नाले सुनकोशी गाउँपालिकाबाट विनियोज़ित बज़ेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि र पशु क्षेत्रका कार्यक्रम संचालन तथा अनुदान वितरण, पशुपालनका क्षेत्रमा आधुनिकीकरण र व्यवसायिकरणका लागि पशुपालकलाई प्रदान गरिने नगद, पशुधन तथा जिन्सी वा प्रविधि समेतका सामग्रीलाई सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले संघीय सरकारबाट विशेष अनुदानको रुपमा गाउँपालिकालाई हस्तान्तरित सुनकोशी कृषि तथा पशु विकासमा आधारित साना किशान तथा उद्यमशिलता कार्यक्रम र गाउँसभाबाट स्वीकृत कृषि तर्फको विभिन्न कृषि कार्यक्रम र पशुपन्क्षी तर्फको पशुपन्क्षी पालन तर्फको विभिन्न सम्झनुपर्छ।

(घ) " कार्यालय" भन्नाले सुनकोशी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनकोशी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

स्थानीय सरकार सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाङ्रेटार, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

... प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

(च) "पशुपालक" भन्नाले कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक पशुपालन गर्ने, पशुपालक समूह, पशुपालक व्यवसायी, पशुपालक फर्म र कृषि तथा पशुपंक्षी सहकारी समेतलाई सम्झनु पर्छ।

(छ) "पशुपालन व्यवसाय" भन्नाले गाई भैंसी, बाख्रापालन तथा अन्य पशुपालन लगायतका उत्पादनलाई व्यवसायिकरण, बजारीकरण, मूल्य अभिबृद्धि एवं औद्योगिकीकरण गर्नेलाई समेत बुझाउनेछ।

(ज) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका पशु उद्यमी, पशुपालन फर्म, सहकारी, पशुपालन विकाससँग सम्बन्धित समिति र पशुपालक व्यवसायीलाई सम्झनुपर्छ।

(झ) "सामाजिक रुपमा पछि परेका समुदायका व्यक्ति" भन्नाले विगत दुइ बर्ष यता प्राकृतिक विपदमा परेको खुल्ने कागजात भएका, गरिब घर पहिचान परिचयपत्र बाहक, एकल महिला, क वा ख बर्गको अपाङ्गता भएका व्यक्तिलाई जनाउँछ।

**३. उदेश्यहरु:-** यस कार्यक्रमका उदेश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) पशुपालन क्षेत्रको व्यवसायिक रुपान्तरणमा सहयोग पुर्याउने,

(ख) उन्नत नश्लका पशुहरुको उपलब्धता र उत्पादकत्व अभिवृद्धि गर्ने,

(ग) असल पशुपालन अभ्यास अनुशरण गर्न प्रेरित गर्दै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय पशुजन्य उत्पादन प्रवर्द्धन गर्ने,

(घ) पशुपालन अन्तर्गत गाई पालन, भैंसी पालन, बाख्रा पालन तथा अन्य पशुपालन व्यवसाय र सोको पकेट क्षेत्रको बजार सम्म पहुँच विस्तार गरी पशुजन्य उत्पादनको बजारीकरमा सहयोग पुर्याउने,

(ङ) पशुपालनको क्षेत्रमा भएका उत्पादनहरुको बजारीकरण प्रवर्द्धन गर्ने।

## परिच्छेद -२
## कार्यक्रमको बजेट बाँडफाँट

**४. कार्यक्रमको लागि श्रोतहरु:-** (१) कार्यक्रम सञ्चालनार्थ देहाय बमोजिम श्रोतबाट देहाय बमोजिम रकम व्यवस्था गरिएको छ।

(क) नेपाल सरकारबाट विशेष अनुदानको रुपमा सुनकोशी कृषि तथा पशु विकासमा आधारित साना किशान तथा उद्यमशिलता कार्यक्रम हस्तान्तरित रु. १,१५,००,०००।

(ख) गाउँसभाबाट विनियोजित विभिन्न कृषि कार्यक्रम अन्तर्गत विनियोजित रु. ३५,००,०००।

(ग) गाउँसभाबाट विनियोजित पशुपन्क्षी पालन सम्बन्धी विभिन्न कार्यक्रम अन्तर्गत विनियोजित रु. ६५,००,०००।

जम्मा रु. २,१५,००,०००।

रविन्द्र प्रसाद रिमाल
अ.पा. अध्यक्ष

५. कार्यक्रमको बजेट बाँडफाँटः- (१) माथि उल्लेखित स्रोतहरुबाट विनियोजित रकमलाई देहाय बमोजिम बाँडफाँट गरी कार्यक्रम सञ्चालन गरिनेछ।

| क्र. सं. | कार्यक्रम | बाँडफाँट रकम रु. | स्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | गाई भैंसी पालन सहयोग (नयाँ खरिद) | १,४०,००,०००। | साना किसान तथा उद्यमशिलता कार्यक्रम रु. ११५०००००। र पशुपन्छी पालन सम्बन्धी रु. २५,००,०००। | |
| २. | बाख्रा पालन सहयोग(नयाँ खरिद) | १५,००,०००। | पशुपन्छी पालन सम्बन्धी | |
| ३. | पशु बीमा | १,००,०००। | पशुपन्छी पालन सम्बन्धी | |
| ४. | डेरी सामग्री सहयोग कार्यक्रम | ७,००,०००। | पशुपन्छी पालन सम्बन्धी | |
| ५. | कृषक प्रोत्साहन कार्यक्रम | १३,००,०००। | पशुपालन सम्बन्धी | |
| ६. | मिनिटिलर तथा पावर टिलर खरिद तथा वितरण | २४,००,०००। | विभिन्न कृषि कार्यक्रम रु. २०,००,०००। र पशुपालन सम्बन्धी रु. ४,००,०००। | |
| ७. | हिउँदे तथा वर्षे फलफूल बिरुवा वितरण | १०,००,०००। | विभिन्न कृषि कार्यक्रम | |
| ८. | कार्यक्रम व्यवस्थापन खर्च | ५,००,०००। | विभिन्न कृषि कार्यक्रम | |

## परिच्छेद -३
## अनुदान सम्बन्धी व्यवस्था

६. अनुदान उपलब्ध गराउन सक्ने:- सुनकोशी गाउपालिकाको बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ। अनुदान उपलब्ध गराउँदा गाई वा भैंसी वा बाख्रा के का लागि सम्झौता भएको हो सो को मूल्यलाई आधार मानिनेछ।

७. गाई, भैंसी वा बाख्रा पालन लाभग्राहीको छनौट प्रकृया:- (१) माथि बाँडफाँट गरिएको गाई, भैंसी वा बाख्रा पालन मध्ये कुनै एक शीर्षकमा कार्यक्रम संचालन गर्न कार्यालयले सार्वजनिक रुपमा अधिकतम पशुपालकहरु, व्यक्तिगत व्यवसाय तथा पशुपालक फर्महरु वा सहकारीहरुसम्म सूचनाको पहुँच पुग्ने गरी अनुसूची १ बमोजिम प्रस्ताव माग्नको लागि कम्तिमा १५ दिनको सूचना प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव पशुपन्छी विकास शाखाले संकलन गरी छानबिन गरी छनौटका लागि कार्यालयले छनौट समितिमा पठाउनु पर्नेछ। छनौट समिति यस कार्यविधिको दफा १७ बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम छनौट समितिले गरेको निर्णय अनुसार सम्बन्धित शाखा मार्फत् प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ।

८. गाई, भैंसी वा बाख्रा पालन कार्यक्रमको लागि लाभग्राही छनौटको मापदण्डः- (१) गाई, भैंसी वा बाख्रा पालनको लागि कार्यालयमा प्राप्त निवेदनहरुको लाभग्राही छनौटको आधारहरु देहाय अनुसार हुनेछ। जसमा कूल



टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

CamScanner

आधारहरुलाई शत प्रतिशत मानी निम्नानुसार अंक प्रदान गरी सर्वोकृष्ट अंक ल्याउने कृषक लाभग्राहीका रुपमा छनौट हुनेछ।

**देहाय**

(क) अनुसूची-२ अनुसारको कागजातहरु बापत :......................................................१५ अंक

(ख) महामारीजन्य रोगबाट गाई, भैँसी वा बाख्राको मृत्यु भएको प्रमाणित कागजात (वडा सिफारिस र कृषि, पशुपंक्षी तथा सहकारी विकास शाखाको सिफारिस) बापत ..........................................................................५ अंक

(ग) आधुनिक गोठ भएको र निर्माण गरेको फोटो सहित शाखाको सिफारिस बापत......................१० अंक

(घ) पोषिलो घाँस, भुई घाँस तथा डाले घाँस लगाएतका घाँस रोपणको प्रमाण बापत ..............५ अंक

(ङ) व्यावसायिक रुपमा पशुपालन गरिरहेको भएमा सम्बन्धित दुग्ध डेरीले गरेको प्रमाणित सिफारिस पत्र र कृषि र पशुपंक्षी शाखाको प्रमाणिकरण सहित ..............................................................................५ अंक

जम्मा:- ४० अंक

**९. अनुदान रकमको सीमा:-** (१) गाई, भैँसी तथा बाख्रा पालनतर्फ कार्यालयबाट उपलब्ध गराईने अनुदान रकम कुल लागतको पचास ५०% प्रतिशत तपशिल अनुसार हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाई र भैँसी खरिदको लागि अधिकतम अनुदान रकम व्यक्तिगत भए रु. एकलाख र समूह वा सहकारी भए अधिकतम अनुदान रकम रु. एकलाख पच्चीस हजार हुनेछ। बाख्रा पालनको लागि अधिकतम अनुदान रकम व्यक्तिगत भए रु. पचास हजार र समूह वा सहकारी भए अधिकतम अनुदान रकम रु. पचहत्तर हजार हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक रुपमा पछि परेका समुदायका व्यक्ति वा निजको एकाघरका सदस्य आवेदक भएकाहरुका आवेदनको हकमा माथि उल्लेखित शत प्रतिशत अंक प्राप्त गर्नेछन।

(४) साथै उपदफा (३) बमोजिम उल्लेखित वर्गका लागि यस गाउँपालिकाबाट उपलब्ध गराईने अनुदानको सीमा सामाजिक रुपमा पछि परेका समुदायका व्यक्ति वा निजको एकाघरका सदस्य आवेदक भएकाहरुका आवेदनको हकमा आवश्यकता अनुसार लाभग्राही छनौट समितिले बढीमा १० प्रतिशतसम्म थपघट गर्न सक्नेछ।

(५) दफा ६ को १ मा उल्लेख भए अनुसार अनुदान रकम तपशिल अनुसार प्रदान गर्न सकिने छ।

(क) व्यक्तिगत रुपमा गाई वा भैँसी पालन परिवारको हकमा २ वटा वा सो भन्दा माथि र बाख्रा भए १५ वटा वा सो भन्दा माथि

(ख) नयाँ व्यवसायिक रुपमा व्यवसाय शुरु गरेका समूह र फर्मको हकमा ३ वटा वा सो भन्दा माथि र बाख्रा भए २० वटा वा सो भन्दा माथि ।

टंक प्रसाद तिम्सिना
गा.पा. अध्यक्ष

स्पष्टीकरण:- दफा ७ को उपदफा ५ (क) मा उल्लेख भए अनुसार गाउँपालिकाले लाभग्राही छनौट भई लाभग्राहीसँग सम्झौता भए पश्चात् गोठ निर्माणको काम शुरु गर्नुपर्नेछ। गोठ निर्माण भए/नभएको कृषि पशुपंक्षी शाखाबाट अनुगमन भई अन्तिम प्रतिवेदन प्राप्त भए पश्चात् मात्र अनुदान उपलब्ध गराईनेछ। दिइएको समय सीमाभित्र गोठ तयार नगर्ने लाभग्राहीलाई लाभग्राहीको सूचिबाट हटाइने र बैकल्पिक लाभग्राहीलाई प्राथमिकताको आधारमा छनौट गरिनेछ।

**१०. गाई भैँसीको मूल्य निर्धारण:-** (१) गाई वा भैँसी खरिद गर्ने किसानले दुध दिने गाई वा भैँसी खरिद गर्नुपर्नेछ। व्यावसायिक रुपले पाडी समेत पालन गर्न कुनै बाधा पर्ने छैन।

(२) गाउँपालिकाले भुक्तानी दिने प्रयोजनको लागि लैनो गाई भए प्रति लिटर रु. ६५००। र भैँसी भए प्रति लिटर रु. ११०००। मूल्य कायम गरिनेछ। पाडी भए प्रति के.जि. रु. २४०। मूल्य कायम गरिनेछ।

**११. बाख्राको मूल्य:-** (१) यस कार्यक्रममा सहभागी हुन चाहने कृषकलाई स्थानीय जातको बाख्रा पालनमा प्राथमिकता दिइनेछ।

(२) गाउँपालिकाले भुक्तानी दिने प्रयोजनको लागि स्थानीय जातको बाख्राको मूल्य प्रति के.जि. रु. ७००। कायम गरिनेछ। स्थानीय बाहेक अन्य जुनसुकै जातका भएता पनि प्रति के.जि. रु. ७००। कायम हुनेछ।

**१२. अन्य कार्यक्रमको सञ्चालनको प्रकृया तथा मापदण्ड:-** (१) यस कार्यविधिको दफा (५) मा रहेको कार्यक्रमको बजेट बाँडफाँट शीर्षकमा रहेको क्रम संख्या ४ देखि ७ सम्मको कार्यक्रम सञ्चालनको लागि समेत गाउँपालिकाले लाभग्राही छनौट समितिको बैठक लाभग्राहीहरुमा सूचना आव्हान गरी कृषि तथा पशु सम्बद्ध कार्यक्रममा आबद्ध हुन चाहने कृषक, कृषि/पशु फर्म, कृषक समूह वा सहकारीलाई देहाय बमोजिमलाई प्राथमिकता दिने गरी सूचना प्रकाशन गर्नु पर्नेछ।

(क) डेरी सामग्री सहयोग कार्यक्रम प्रत्येक वडामा कम्तिमा एकलाख बराबरको डेरी सम्बन्धी सामग्री सहयोग प्राप्त गर्न सूचना आव्हान र सोही बराबरको रकम सम्बन्धित डेरी सञ्चालक सहकारी वा कृषक समूह वा कृषि फर्म वा कृषकले व्यहोर्ने कुराको सुनिश्चित गर्ने। दुई वटा वा सो भन्दा बढी डेरी सञ्चालनमा रहेको वा सञ्चालन हुने गरी प्रस्ताव पेश भएमा बढीमा दुई वटा प्रत्येक डेरीलाई पचास हजार बराबरको मेशिनरी सामग्री उपलब्ध गराउन सकिनेछ।

(ख) कृषक प्रोत्साहन कार्यक्रम अन्तर्गत पशुपालक कृषकलाई लक्षित गरी बढीमा रु. तीन लाखसम्मको विभिन्न किसिमको औषधिजन्य पशुपन्क्षी विकास शाखाबाट सामग्री सहयोग गर्न सकिनेछ। यसको लागि सूचना आव्हान गर्न पर्ने छैन। गाई, भैँसी वा बाख्रा पालन कार्यक्रममा नपरेका लाभग्राहीको खोर सुधार गर्न लाभग्राहीको ५० प्रतिशत वा सो भन्दा बढी र गाउँपालिकाको बढीमा ५० प्रतिशत रकम वा प्रति लाभग्राही रु. पच्चीस हजार रुपैयाँ प्रत्येक वडालाई समेट्ने गरी गोठ सुधार सहयोग कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यस कार्यक्रमबाट आर्थिक विकास समितिको सिफारिसमा वा गाउँपालिका अध्यक्षको तोक आदेश बमोजिम प्रति किसान बढीमा रु. २५,०००। सम्म कृषि उत्पादनमा सहयोग हुने गरी नगद वा सो बराबरको सामग्री सहयोग उपलब्ध गराउन सकिनेछ।

(ग) मिनि ट्रिलर तथा पावर ट्रिलर कार्यक्रम सञ्चालनार्थ माथि उल्लेखित कुनै पनि कार्यक्रममा समावेश नभएका कृषक समूह वा कृषि फर्म वा कृषकलाई लागि लक्षित गरी ५० प्रतिशत अनुदानमा सूचना आव्हान गर्ने। बजेटले खामेसम्म



टंकेन्द्र प्रसाद लिम्बु...
गा.पा. अध्यक्ष

सबैभन्दा धेरै कृषकको सहभागिता रहने गरी कृषक समूहलाई पहिलो, कृषि फर्मलाई दोस्रो र कृषकलाई तेस्रो प्राथमिकतामा राख्नु पर्नेछ। सबै भन्दा धेरै जग्गा भएका कृषि समूह वा कृषि फर्म वा कृषकलाई प्राथमिकताका आधारमा उपरोक्त कृषि औजार वितरण हुने व्यवस्था गर्नु पर्नेछ। यस्तो कृषि औजार बोलपत्रको माध्यमबाट खरिद गरी कृषकले खातामा रकम जम्मा गरेपछि वितरण गर्ने व्यवस्था गर्नु पर्नेछ।

(घ) हिउँदे तथा बर्षे फलफूल विरुवा वितरण कार्यक्रम अन्तर्गत माथि उल्लेखित कुनै पनि कार्यक्रममा समावेश नभएका कृषक समूह वा कृषि फर्म वा कृषकलाई लागि लक्षित गरी गाउँपालिकाले ८० ढुवानी सहित प्रतिशत अनुदानमा सूचना आव्हान गर्नु पर्नेछ। आर्थिक विकास समितिको सिफारिसमा लाभग्राही छनौट समितिले स्थानीय माटो सुहाउँदो कुनै एक वा बढीमा तीन जातका फलफूलको विरुवाको लागि आवेदन दिन सक्ने व्यवस्था गर्नुपर्नेछ। साथै आर्थिक विकास समितिको सिफारिसमा निश्चित वडामा निश्चित जातिको फलफूलको विरुवा वितरणको लागि लाभग्राही छनौट समितिले निर्णय गर्न सक्नेछ। यस्तो विरुवा बोलपत्र वा प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी कृषकले खातामा रकम जम्मा गरेपछि वितरण गर्ने व्यवस्था गर्नु पर्नेछ।

(ङ) कार्यक्रम व्यवस्थापन खर्चको हकमा पशुपालन तालिम सञ्चालन, ट्याक्टर मर्मत तथा सञ्चालन तालिम, छनौट समितिको बैठक, अनुगमन तथा सुपरीवेक्षण तथा ढुवानी र आवश्यकता अनुसार विविध व्यवस्थापनको लागि गर्नु पर्नेछ।

**१३. अनुदान रकमको निर्धारणः-** कार्यविधीले व्यवस्था गरेको छनौट समितिको सिफारिसमा लाभग्राहीलाई उपलब्ध गराउने अनुदान रकम दफा ७ (२) अनुसार निर्धारण गर्नेछ।

**१४. लाभग्राहीसँग सम्झौता गर्नु पर्नेः-** (१) कार्यालयले लाभग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात् लाभग्राहीसँग अनुसुची ५ अनुसार सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा लाभग्राहीले कार्य शुरु गर्नु पर्ने समय, कार्य सम्पन्न गर्नुपर्ने समय, आवधिक रुपमा कार्य सम्पन्न गर्नुपर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

**१५. बीमा अनिवार्य गर्नुपर्नेः-** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीले अनुदान प्राप्त गरेको पशुधनको बीमा अनुदान प्राप्त गरेको वा खरिद गरेको १ महिना भित्र भित्र अनिवार्य रुपमा गर्नुपर्नेछ। सोका लागि गाउँपालिकाले वीमा गर्दा लाग्ने प्रिमियमको जम्मा शुल्कमा १० (दश) प्रतिशत रकम यसै आर्थिक बर्ष भित्र वा अनुदान रकमसँगै भुक्तान गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि शत प्रतिशत कार्य सम्पन्न गरेपश्चात मात्र अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन।

(३) कार्यालयले सम्बन्धित लाभग्राहीको बैंक खातामा सम्झौता बमोजिमको कागजात पेश भएमा सम्झौता बमोजिमको रकम जम्मा गरिदिनेछ।

उपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि लाभग्राहीबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभई अनुदानको रकम भुक्तानी गरिने छैन।

(५) यस कार्यविधीमा भएको व्यवस्था अनुसार वीमा गरी सोको प्रमाणित कागजात पेश गर्नु पर्नेछ। वीमा नगरी पेश भएका कागजातहरुको भुक्तानी गर्न कार्यालय बाध्य हुने छैन।

## परिच्छेद - ४

## बजारीकरण सम्बन्धी व्यवस्था

**१६. बजारीकरण सम्बन्धी व्यवस्थाः-** (१) कार्यालयले लाभग्राहीसँगको साझेदारीमा वितरण गरेको गाई/भैँसीबाट उत्पादन भएको दुध तथा बाख्राबाट उत्पादन भएका खसी बोकाको बजारीकरणका लागि समन्वय, सहजिकरण तथा अन्तरसम्बन्ध स्थानपना गर्नेछ।

(२) सुनकोशी गाउँपालिकामा भएका ७ वटै वडाहरुमा सञ्चालन भएका दुग्ध डेरीहरुको स्तरोउन्नती गरिने छ।

(३) आवश्यक अनुसार बजार सञ्जाल निर्माणका लागि कार्यपालिकाको निर्णय र वार्षिक नीति तथा कार्यक्रम बमोजिम मिनी डेरीहरु सञ्चालन गरिनेछ।

## परिच्छेद - ५

## लाभग्राही छनौट समिति सम्बन्धी व्यवस्था

**१७. लाभग्राही छनौट समितिः-** (१) गाउँपालिका अध्यक्षको अध्यक्षतामा निम्न बमोजिमको लाभग्राही छनौट समिति रहनेछ

(क) गाउँपालिका अध्यक्ष ........................................................संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत .............................................. सदस्य

(ग) आर्थिक विकास समितिको संयोजक र गाउँपालिका अध्यक्षले मनोनित गरेको १ जना गाउँसभाका महिला सदस्य २ जना सदस्य ......................................................................... सदस्य

**१८. लाभग्राही छनौट समितिको काम, कर्तब्य र अधिकारः-** (१) यस कार्यविधिको अधिनमा रही लाभग्राही छनौट समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

देहाय

(क) कार्यक्रमको उद्देश्य अनुरुप कार्यक्रम समयमै सञ्चालनको लागि आवश्यक योजना तथा तयारी गर्ने,

(ख) कार्यक्रम सहजीकरणको लागि सम्बन्धित शाखा, वडा कार्यालय तथा आर्थिक विकास समितिलाई आवश्यक परिचालन गर्ने,

(ग) कार्यक्रम सञ्चालनको लागि बजेटको व्यवस्थापनको लागि आवश्यक सहजिकरण गर्ने,



रविन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

(घ) आवश्यकता अनुसार कृषि तथा पशुपन्क्षी शाखा, वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र गाउँपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन गराई प्रतिवेदन प्राप्त गर्ने,

(ङ) प्रकाशित प्रस्ताव मागको सूचना बमोजिम कार्यालयमा दर्ता भएका प्रस्ताव उपर छलफल गरी योग्य प्रस्तावदाताहरुमध्ये माथि उल्लेखित १०० प्रतिशत अंक हासिल गर्ने लाभग्राहीको नामावली प्रकाशन गर्ने र माथि उल्लेखित १०० प्रतिशत अंक हासिल गर्ने लाभग्राहीको नामावली प्रकाशन गर्ने र १०० प्रतिशत अंक हासिल गर्न नसक्ने लाभग्राहीमध्ये सबैभन्दा धैरै अंक हासिल गर्ने लाभग्राहीको नामावली क्रमश हुने गरी बैकल्पिक नामावली समेत प्रकाशन गर्ने,

(च) यस कार्यविधि बमोजिमका विपद् जोखिममा परेका, अपाङ्ग, गरिब तथा एकल महिलाको छुट्टै नामावली तयार गरी लाभग्राहीको सूचि प्रकाशन गर्ने,

(छ) तोकिएको समयभित्र सम्झौता नगर्ने लाभग्राहीलाई लाभग्राहीको सूचिबाट हटाई बैकल्पिक लाभग्राहीलाई सम्झौता गर्ने निर्णय गर्ने,

(ज) आगामी आर्थिक बर्षमा समेत यसै प्रकृतिको कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गर्ने।

**१९. अनुगमन तथा मूल्याङ्कन समितिः-** (१) कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणका लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा व्यवस्था भए बमवजिम गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति रहनेछ। यस समितिले अनुगमनको क्रममा आर्थिक विकास समितिको संयोजक र समबन्धित शाखा प्रमुखलाई समेत समावेश गराउनु पर्नेछ।

(२) समितिले सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्दा सोही दिग्दर्शनमा भएको व्यवस्था बमोजिम विधि तथा प्रकृया अपनाउनेछ।

(३) समितिले यस कार्यविधि अनुसारको अनुदान वितरणको कार्य सम्पन्न भए पश्चात् अनुगमन तथा मूल्याङ्कन गरी भुक्तानीका लागि सिफारिस गर्नु पर्नेछ।

(४) वडा स्तरमा सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणको लागि सोही दिग्दर्शनमा भएको व्यवस्था बमोजिमको वडा अध्यक्षको संयोजकत्वमा रहेको समितिले गर्नेछ।

## परिच्छेद - ६
## समय सीमा तथा भुक्तानी

**२०. गाई भैंसी र बाख्रा पालनको समयसीमाः-** (१) कार्यविधि राजपत्रमा प्रकाशन भए पश्चात सम्बन्धित शाखाले गाई, भैंसी वा बाख्रा पालक/पाल्न चाहने कृषकलाई लक्षित गरी पौषको दोस्रो हप्ता भित्र १५ दिनको सार्जनिक सूचना आव्हान गर्नु पर्नेछ। यस्तो सूचना सबै वडा कार्यालयहरुमा र गाउँपालिकाको वेभ साइट तथा फेशबुक पेजमा समेत प्रकाशन गर्नु पर्नेछ।

(२) पौषको अन्तिम हप्ताभित्र प्राप्त आवेदनलाई कम्प्युट प्रविष्टि गरी माघको पहिलो हप्ता भित्र लाभग्राही छनौट समितिको बैठक बसी लाभग्राहीको सूचि, वैकल्पिक लाभग्राहीको सूचि र विपद् जोखिममा परेका, अपाङ्ग, गरिब तथा एकल महिलाको छुट्टै सूचि प्रकाशन गर्नु पर्नेछ। छनौटमा परेका लाभग्राहीहरुलाई १५ दिनको समयसीमा राखी सम्झौताको लागि समेत आव्हान गर्नु पर्नेछ।

टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

(३) माघको तेस्रो हप्तामा तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने लाभग्राहीको नाम हटाई लाभग्राही छनौट समितिको बैठक बसी वैकल्पिक लाभग्राहीमध्ये प्राथमिकताको आधारमा सूचि प्रकाशन गर्ने र सम्झौताको लागि ७ दिनको अवधि दिई आव्हान गर्नु पर्नेछ।

(४) फागुनको दोस्रो र तेस्रो हप्तामा सम्बन्धित शाखाबाट लाभग्राही पशुपालक कृषक/कृषक समूह/सहकारीको गोठ/फर्म र तयारी पुगे नपुगेको अवस्था स्थलगत अवलोकन गरी ठीक/दुरुस्त भए सम्झौता बमोजिमको पशु खरिदको लागि परामर्श उपलब्ध गराउनु पर्नेछ।

(५) पशुपालक कृषक/कृषक समूह/ चैत्रको पहिलो हप्ताबाट प्राप्त खरिद भएको पशुको भुक्तानी माग पेश गर्नु पर्नेछ। भुक्तानी गर्दा एकमुष्ठ भुक्तानी गर्ने गरिनेछ कार्यक्रममा छनौट परेका लाभग्राहीलाई कुनै पेश्की उपलब्ध गराइने छैन। भुक्तानी माग गर्दा देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछः-

(क) भुक्तानी पाउँ निवेदन

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) बीमा गरी प्रिमियम तिरेको रसिद

(घ) पशु खरिद गरेको बील(फर्मसँग खरिद गरेको भए फर्म दर्ता प्रमाणपत्र समेत) वा भरपाई (व्यक्तिसँग खरिद गरेको भए निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि)

(ङ) खरिद गरिएको पशु र फर्म/गोठको तस्वीर छुट्टा छुट्टै(दुबै प्रकारको तस्वीरमा सम्झौता गर्ने व्यक्ति समेत देखिनुपर्ने)

(च) प्राप्त अनुदानको दुरुपयोग हुने गरी आफूले पाएको भैंसी वा गाई वा बाख्रा बिक्री गरेमा वा मासेमा प्राप्त गर्नेको लापरवाहीले पशुको मृत्यु भएमा सम्बन्धित लाभग्राहीलाई गाउँपालिका वा अन्तर्गतका निकायबाट प्राप्त हुने सेवा सुविधा कटौति गर्न गरेको मञ्जुरीनामा

(छ) सम्झौता र नेपाली नागरिकतको प्रमाणपत्रको प्रतिलिपि र

(ज) अनुगमन प्रतिवेदन

(६) चैतको दोस्रो हप्ताबाट चैत्र मसान्तसम्म गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन गरी चैत्र मसान्तसम्म प्रतिवेदन पेश गर्नु पर्नेछ।

**२१. अन्य कार्यक्रमको सञ्चालन समय सीमा:-** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने डेरी सहयोग कार्यक्रम, मिनिटिलर तथा पावर टिलर खरिद तथा वितरण र हिउँदे तथा वर्षे फलफूल विरुवा वितरण माघ महिनाको पहिलो हप्ता १५ दिने सूचना प्रकाशन गरी माग संकलनको लागि सार्वजनिक सूचना आव्हान गर्नु पर्नेछ।

(२) सूचना बमोजिम आवेदन गर्ने कृषक/पशुपालकले सूचनामा उल्लेखित शर्त बमोजिम रकम व्यहोर्ने प्रतिबद्धता जनाउनु पर्नेछ।

(३) सूचना बमोजिम आवेदन दिने कृषक/पशुपालकले दोहोरो पर्ने गरी आवेदन दिन पाइने छैन। जस्तो पशुपालनको लागि आवेदन पेश गरेका कृषक/पशुपालकले मिनि टिलर वा पावर टिलर माग गर्न पाउने छैन। यस्तो अवस्थामा कार्यालयले दुबै आवेदन रद्द गर्न सक्नेछ।

स्थानीय सरकार सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाङ्रेटार, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७४

४५१६

टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

(४) यसरी प्राप्त हुन आएको आवेदन उपर लाभग्राही छनौट समितिले माघ महिनाको अन्तिम हप्ताभित्र छलफल गरी पर्याप्त आवेदन प्राप्त हुन नआएमा थप १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

(५) प्रकाशित सूचना बमोजिम लाभग्राही कायम गरे पश्चात फागुन तेस्रो हप्तामा डेरी सामग्री सहयोग कार्यक्रमको सम्झौता गर्नुपर्नेछ। मिनिटिलर तथा पावर टिलर खरिद तथा वितरण र हिउँदे तथा वर्षे फलफूल विरुवा वितरण कार्यक्रमको लागि फागुनको तेस्रो हप्तासम्ममा खरिद बिधि टुङ्गो लगाई प्रकृया शुरु गर्नु पर्नेछ।

(६) डेरी सामग्री सहयोग कार्यक्रमको सम्झौता बमोजिम उपकरण वा मेशिनरी सामान खरिद तथा जडान गरी बैसाखको पहिलो हप्तासम्म भुक्तानी मागको लागि पेश गर्नु पर्नेछ। तर गाउँपालिका आफैले खरिद गरी हस्तान्तरण गरेको हकमा यो सौझै आपूर्तिकर्तालाई भुक्तानी गर्न बाधा पुग्ने छैन।

(७) मिनिटिलर तथा पावर टिलर खरिद तथा वितरण र हिउँदे तथा वर्षे फलफूल विरुवा वितरण कार्यक्रम अनुरुपका मिनिटिलर/पावर टिलर वा विरुवा वितरणको कार्य २०८१ बैसाखको अन्तिम हप्तासम्म सम्पन्न गर्नु पर्नेछ।

(८) गाउँपालिकाबाट वितरण भएको मिनिटिलर तथा पावर टिलर अन्यत्र बिक्री गरेमा सम्बन्धित लाभग्राहीले सहीछाप गरेको गाउँपालिका वा अन्तर्गतका निकायबाट प्राप्त हुने सेवा सुविधा कटौति गर्न गरेको मञ्जुरीनामा संलग्न राखी मात्र वितरण गरिनेछ।

## परिच्छेद-७
## विविध

**२२. विवरण प्रकाशन गर्नु पर्ने:-** कार्यालयले लाभग्राही छनौटको विवरण आफ्नो वेबसाइट, फेसबुक पेज तथा सूचना पाटी तथा सम्बन्धित वडाको सूचना पाटीमा सार्वजनिक गर्नु पर्नेछ।

**२३. असुल उपर गर्नु पर्ने:-** (१) कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ।

(२) उसुल उपर हुन नसकेमा कार्यालयले सरकारी श्रोतको दुरुपयोगका सम्बन्धमा आवश्यक छानविनका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(३) कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमबाट प्रदान गरिएको गाई वा भैंसी वा बाख्रा खरिद भएको मितिले कम्तिमा ३ वर्ष सम्म कहीँ कतै विक्री वितरण वा अन्यत्र पालन/पोषण गर्न दिन पाईने छैन। यदि यस्तो गरेको पाईएमा अनुदान रकम गाउँपालिकाको खातामा जम्मा गर्नु पर्नेछ।

**२४. दोहोरो सुविधा लिन नपाउने:-** लाभग्राहीले एकै प्रकृतिको कामको लागि एक पटक अनुदान प्राप्त गर्ने एकाघरका कृषक परिवारले २ वर्षसम्म अनुदान प्राप्त गर्न सक्ने छैन। एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ वर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन।

**२५. लाभग्राही जिम्मेवार हुने:-** कुनै विषेश परिस्थिति परि सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पुरा भुक्तानी नभएमा लाभग्राही स्वयं जिम्मेवार हुनेछ।



टिकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

२६. **अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्ने:-** कुनै कारणबस प्रचलित कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कुनै कारणवस छनौट समिति वा अनुगमन मूल्याङ्कन समितिले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पुरा भुक्तानी नदिन सक्ने सम्मको कारवाही हुनेछ।

२७. **थपघट गर्न सकिने:-** नेपाल सरकारको विशेष अनुदानमा समेत यो कार्यक्रम सञ्चालन गरिने भएको हुँदा कार्यपालिकाबाट स्वीकृत भए पश्चात नेपाल सरकार राष्ट्रिय योजना आयोगमा कार्यविधि पठाइने छ। राष्ट्रिय योजना आयोगबाट यस कार्यविधिमा थप घट गर्नको लागि कुनै सुझाव प्राप्त हुन आएमा सो समेतलाई गाउँ कार्यपालिका बैठकबाट समावेश गरी संशोधित कार्यविधि प्रकाशन गरिनेछ।

२८. **प्रचलित कानून बमोजिम हुने:-** प्रचलित कानूनको सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरी यस कार्यविधिमा उल्लेख भएका कुराको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२९. **खरिद प्रकृया:-** खरिद गर्नु पर्ने प्रकृतिका वस्तु वा सेवा वा परामर्श सेवा खरिद प्रकृया सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नुपर्नेछ।

३०. **कार्यविधिको व्याख्या:-** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

३१. **बचाऊ:-** यस भन्दा अगाडि भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

## अनुसूची-१

## अनुदान वितरणको सूचनाको ढाँचा

सुनकोशी गाउँपालिका

सुनकोशी गाउँ कार्यापलिलकाको कार्यालय

पाङ्ग्रेटार, सिन्धुपाल्चोक प्रथम पटक प्रकाशित मिति:२०८०। ।

विषयः- अनुदानमा गाई वा भैंसी वा पालनका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा सुनकोशी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०।०८१ मा वार्षिक रुपमा स्वीकृत नीति तथा कार्यक्रम कृषि तथा प्रशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालयले तोकेको नियमानुसार देहायको कार्यक्रममा सहभागी हुन इच्छुक लाभग्राहीहरुले रितपूर्वक निवेदन पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ। रीतपूर्वक र म्याद नाधि आएका निवेदन उपर कुनै कामकारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ। थप जानकारीका लागि गाउँपालिकाको फोन नं.०११-४८२२०८ मा सम्पर्क राख्नु हुन वा गाउँपालिकाको वेभसाईट www.sunkoshimunsindhupalchok.gov.np बाट कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० डाउनलोड गरी थप जानकारी लिन सकिनेछ। साथै गाउँपालिकाले सञ्चालन गरेको कृषि तथा पशु सम्बद्ध अन्य कुनै कार्यक्रममा म/हामी/संस्था सहभागी नभएको व्यहोरा समेत जानकारी गराउँदछु।

**कार्यक्रमको नामः- गाई, भैंसी वा बाख्रा पालन कार्यक्रम**

आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः-

१. राजश्व तिरेको रसिद

२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

३. अनुसूची -२ अनुसारका अन्य कागजातहरु

प्रमुख प्रशासकीय अधिकृत

५५।६.

...प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

स्थानीय सरकार सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाङ्ग्रेटार, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३



CamScanner

अनुसूची -२

## लागत साझेदारीमा अनुदान उपलब्ध गराउने सम्बन्धी निवेदनको ढाँचा

मिति:२०८०। ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,ज्यू
सुनकोशी गाउँ कार्यपालिकाको कार्यालय
पाङग्रेटार, सिन्धुपाल्चोक।

विषय : लागत सोझेदारीमा अनुदाको गाई/भैँसी/बाख्रा उपलब्ध गराई दिनु हुन।

प्रस्तुत विषयमा सुनकोशी गाउँपालिकाको मिति:२०८०। । मा प्रकाशित सूचना अनुसार म/हामी यस सुनकोशी गाउँपालिका वडा नं. ...... निवासी..........................................को छोरा/बुहारी म ............................................ विगतदेखि गाई/भैँसी/बाख्रा पालन गर्दै आएको/नयाँ शुरु गर्न लागेको हुँदा व्यावसायिक रुपमा नै गाई/भैँसी/बाख्रा पालन प्रति ईच्छुक रहेकोले **कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०** मा भएको व्यवस्था बमोजिम तपशिल अनुसार यो निवेदन पेश गरेको छु/छौं।

**तपशिल**

१.व्यवसायिक लाभग्रहीको नाम/समूह/फर्म/सहकारी संस्थाको नाम :-
२. ठेगाना :-
३. व्यवसाय दर्ता नं. :-
४. सम्पर्क व्यक्तिको नम्वर :-
५. साझेदारहरुको नाम :-
क.
ख.
६.आवश्यक संलग्न काजताजहरु:-
क. नेपाली नागरिकताको प्रतिलिपी,
ख. सम्बन्धित वडा कार्यालयको सिफारिस,
ग. पासपोर्ट साईजको फोटो २ प्रति,
घ. व्यवसाय/फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपी (फर्मको हकमा)
ङ. स्थायी लेखा नम्वर (फर्मको हकमा)
च. कर चुक्ता र लेखा परीक्षण प्रतिवेदन (समूह/फर्मको हकमा)

स्थानीय सरकार सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाङ्ग्रेटार, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

४/७/८
टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष



CamScanner

छ. पशुपन्क्षी लगाएतका फर्मको क्षेत्रफल प्राविधिक मापदण्ड बमोजिमको हुनु पर्नेछ। तर व्यक्तिको हकमा प्रारम्भिक गोठ निर्माण भएको अवस्था मात्र हेरिने छ।

ज. पशुपंन्क्षी लगाएतका चरण क्षेत्रको व्यवस्था प्राविधिक मापदण्ड बमोजिमको हुनु पर्नेछ। व्यक्तिको हकमा आवश्यक नपर्ने।

झ. व्यक्तिगत/सामूहिक फर्महरुको नाममा खाता सहित सुनकोशी गाउँपालिकाको कार्यालयमा अनिवार्य रुपमा व्यवसाय दर्ता गरेको हुनु पर्नेछ। साथैं, स्थानीय तह स्थापना हुनु अगाडी घरेलु कार्यालयमा दर्ता भएका फर्महरुलाई पनि सोही अनुसार मानिनेछ।

ञ. जग्गा आफ्नो स्वामित्वमा भएको भए जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, आफ्नो स्वामीत्वमा नभएको भए कम्तिमा पाँच वर्षको लागि जग्गा भाडाको सम्झौता वा एकाघरको परिवारको नाममा जग्गा भएमा जग्गाधनीको मञ्जुरीनामा।

ट. संक्षिप्त कार्य-योजना (अनुसूची -३ अनुसार)

ठ. लागत प्रतिवद्धता-पत्र (अनुसूची-४ अनुसार)

ड. चालू आर्थिक बर्षसम्म मालपोत तिरेको रसिदको प्रतिलिपि

स्थानीय सरकार सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाङ्ग्रेटार, सिन्धुपाल्चोक बाग्मती प्रदेश, नेपाल २०७३

हरिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका

अनुसूची- ३

संक्षिप्त कार्ययोजना

१. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरण

| क्र.सं. | क्रियाकलाप | परिणाम दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु. | स्थानीय तहको साझेदारी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः खरिद गर्ने गाई/भैंसी/ बाख्राको प्रति के.जि. लागत गाउँपालिकाले तोके भन्दा कम हुने छैन। सो भन्दा कम हुने भए खुलाउने(कम मूल्यमा बढी तौलको गाई/भैंसी/ बाख्रालाई प्राथमिकता दिइनेछ)

टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

.......................................

कार्यक्रम पेश गर्ने

नाम :-

ठेगाना :-

सम्पर्क नं. :-

## अनुसूची - ४

### लागत प्रतिवद्धता- पत्र

सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मितिः२०८०।   । गते प्रकाशित सूचना अनुसार सुनकोशी गाउँपालिका वडा नं......... टोल..........................मा रहेको श्री।..................................फर्म/कृषि-समूहको अध्यक्ष/प्रोपाइटर ............................ले व्यवसायिक रुपमा फर्म/समूह संचालन गर्न इच्छुक भएकोले आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु. ...........................को पचास/सो भन्दा बढी.................. प्रतिशतले हुन आउने रु.............................अक्षरुपी रु.................................... बराबरका लगानी आफ्नो आन्तरिक श्रोतबाट ब्यहोरी कार्यक्रम सञ्चाल गर्न प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं।

निवेदक

दस्तखतः-

नामः-

पदः-

संस्थाः-

ठेगानाः-

मितिः-

संस्थाको छापः-

स्थानीय सरकार सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाहडटार, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

अनुसूची -५

(दफा १२ सँग सम्बन्धित)

**सम्झौताको नमूना**

सुनकोशी गाउँपालिकाको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० बमोजिम लाभग्राही छनौट समितिको मिति मिति:२०८०। । को निर्णय बमोजिम सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय यस पछि प्रथम पक्ष भनिने र लाभग्राही सहकारी/फर्म/समूह/कृषक अन्तर्गत श्री ..............................................सुनकोशी- का अध्यक्ष/प्रोपाइटर ..........................................यस पछी दोश्रो पक्ष भनिने बीच देहाय बमोजिम शर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं/दियौं ।

१.सम्झौता गर्ने पक्ष र लाभग्राही

क. ...............................कृषि फर्म/कृषक समूहको तर्फबाट सम्झौता गर्ने अधिकारिक प्रतिनिधि:-

१. नाम:-

२. प्रतिनिधित्व गर्ने व्यवसायिक फर्मको नाम:-

३. ठेगाना:-

ख. फ़र्मको स्थलको विवरण:-

१. सुनकोशी गाउँपालिका वडा नं. :-......................गाउँरटोल :-................

ग. परियोजना कार्यान्वयन अवधि:-

१. शुरु हुने मिति:-

२. सम्पन्न हुने मिति:-

४. परियोजना कार्यान्वयन इकाई अन्तर्गत सञ्चालन हुने क्रियाकलाप सम्बन्धी विवरण:-

क. कार्यक्रमको नाम:-

ख. कार्यक्रमको किसिम:-

ग. कार्यक्रमको कुल लागत रु.

१.लाभग्राही तर्फको रकम रु.

२.गाउँपालिकाका अनुदान रकम रु.



स्थानीय सरकार सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पाइपेटार, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

टोकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

५. सम्झौताका शर्तहरु

५.१ यो सम्झौता-पत्र पशुपालन गाई/भैंसी/बाख्रा/ पालन व्यवसाय संचालन गर्ने फर्म तथा कृषक समूहहरुको अनुदान अन्तर्गत कार्यक्रम कार्यान्वयन गर्ने श्री.....................................................वा ..............................................कृषि फर्म/कृषक समूह र सुनकोशी गाउँपालिका बीच व्यवसाय गर्न अनुदान सहयोग गर्ने प्रयोजनको लागि प्रयोग गरिनेछ।

३.२ सम्झौता पत्रमा हस्ताक्षर गरेको मिति देखि यो सम्झौता प्रांरम्भ भएको मानिनेछ।

३.३ दोश्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछी तत्काल काम शुरु गर्नु पर्नेछ।

३.४ दोश्रो पक्षले यस परियोजना सञ्चालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको तोकिएको नगदै वा अन्य किसिमले साझेदारीको सुनिश्चित गर्नु पर्नेछ।

३.५ दोश्रो पक्षले यसै परियोजनाको लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी गैह्र सरकारी संघरसंस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रूपमा परियोजना कार्यान्वयन इकाईलाई जानकारी गराउनु पर्नेछ।

३.६ दोश्रो पक्षले परियोजना अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा कार्यालय वा सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ।

३.७ दोश्रो पक्षले परियोजना अन्तर्गत सञ्चालन भएको क्रियाकलापहरुको लागत अनुमान बमोजिम कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गरि/गराई प्रत्यक्ष लभान्वित कृषकहरुको बैठक निर्णयबाट अनुमोदन गराए पश्चात मात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिइनेछ। यसरी भुक्तानी पाउन दोश्रो पक्षले अनिवार्य रुपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको काम सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।

३.८ यस परियोजनाको निर्माण/मेशनरी उपकरण खरिद कार्य सम्झौता पत्रमा तोकिएको अवधि भित्र सम्पन्न गर्नुपर्नेछ।

३.९ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बील भर्पाइ सहितको कार्य सम्पन्न प्रतिवेदन दोश्रो पक्षबाट नबढ्ने गरी नियमानुसार कर प्राप्त भए पश्चात रु..............................अक्षरुपी रु.......................................... कट्टा गरि दोश्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ। दोश्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा कार्यक्रमको बिल बिजक, फोटो लगायत आवश्यक कागजात पेस गर्नु पर्नेछ।

३.१० दोश्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी/नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित कृषि फर्म कृषक समूहको हुनेछ।

३.११ अनुदान प्राप्त गरेको वा खरिद गरेको मितिले १५ दिन भित्र गाई/भैंसी/बाख्राको बीमा गरिसक्नु पर्नेछ।

३.१२ दोश्रो पक्षले सम्झौता बमोजिमको रकम परियोजना सम्झौतामा तोकिएको वस्तुमा लगानी गर्नु पर्नेछ अन्यथा कार्यालय भुक्तानी दिन बाध्य हुने छैन।

३.१३ प्राविधिक वा कार्यालयबाट अनुगमनमा खटिएका कर्मचारी तथा पदाधिकारीहरुलाई दोश्रो पक्षले अनिवार्य रुपमा आवश्यक सहयोग गर्नु पर्नेछ।

स्थानीय सरकार सुनकोशी गाउँपालिकाको कार्यालय गाउँ कार्यपालिकाको कार्यालय पाङ्ग्रेटार, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल २०७३

टंकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

३.१४ परियोजनाको अवधि सम्पन्न भई सकेपछि सोको मर्मत संम्भार तथा सुसञ्चालन सम्बन्धी कार्य दोश्रो पक्ष आफैले गर्नु पर्नेछ।

३.१५ निर्माण कार्य अथवा यस सम्बन्धी कार्य गर्ने क्रममा दोश्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा प्रथम पक्ष वा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

३.१६ यो सम्झौतामा उल्लेखित कुराहरुको यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

३.१७ दोश्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको भुक्तानी दिन प्रथम पक्ष बाध्य हुनेछैन।

३.१८ सम्झौताको सम्बन्धमा कुनै बिबाद उत्पन्न भएमा प्रचलित कानून अनुसार हुनेछ।

३.१९ अन्य कुनै बुँदामा थपघट गर्नु परेमा दुबै पक्षको कानून बमोजिम आपसी समझदारीमा गरिनेछ।

३.२० गाउँपालिकाको पशु प्राविधिकको सिफारिस बिना अनुदानमा खरिद गरिएको गाई/भैँसी/बाख्रा बिक्री गरेमा वा मासेमा सो को रकम दोस्रो पक्षसँग पहिलो पक्षले असूल उपर गर्नेछ।

३.२१ संलग्न फारामहरु

क. परियोजनाको स्वीकृत क्रियाकलापहरु र लागत अनुदान

३.२२ परियोजनाको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

| क्र.स. | परियोजना क्रियाकलाप | इकाइ | प्रति इकाइ दर | कुल लागत | फर्म/समूह/सहकारी | गाउँपालिका | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

३.२३ उपरोक्त बमोजिम कार्य गर्न मञ्जुर छौं भनी दस्तखत गर्ने।

प्रथम पक्षको तर्फबाट

नाम थर:-

पद:-

दस्तखत:-

मिति:-

दोश्रो पक्षको तर्फबाट

नाम थर:-

पद:-

दस्तखत:-

मिति:-

साक्षी (सम्बन्धित शाखा)

नाम:-

पद :-

हस्ताक्षर:-

नाम:-

पद :-

हस्ताक्षर:-

टीकेन्द्र प्रसाद तिम्सिना
गा.पा. अध्यक्ष

## अनुसूची-६
## अनुगमन प्रतिवेदन

१ परियोजनाको नाम:-

२ कार्यालयबाट अनगुमनमा खटिएको मिति:-

३ सम्झौता मिति:-

४ परियोजनाको विवरण:-

क जग्गा (कित्ता नं.) :-

ख जम्मा पशु संख्या:-

ग. सम्झौता अगाडी रहेको गाई/भैंसी/बाख्रा संख्या:-

घ. थप गरिएको गाई/भैंसी/बाख्रा संख्या:-

५. पशु प्राविधिकको राय:-

............................................................................................................................................

............................................................................................................................................

६. संम्पादित कार्यको स्तर:-

२ मेशिनरी औजारको संख्या:-

४ संरचनाको विवरण..............................................

..........................................................................

७ भुक्तानी/अनुदान निकासा दिन मनासिव देखिएको वा नदेखिएको राय

............................................................................................................................................

............................................................................................................................................

८ परियोजनासँग सम्बन्धित अन्य विवरण तथा उपलब्धीहरु:-

............................................................................................................................................

............................................................................................................................................

९. अनुगमन तथा सुपरीवेक्षणमा संलग्न अनुगमन तथा सुपरीवेक्षण समितिको पदाधिकारीहरु

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

| क्र.सं. | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | | संयोजक | | |
| २. | | सदस्य | | |
| ३. | | सदस्य | | |
| ४. | | सदस्य | | |
| ५. | | सदस्य | | |
| ६. | | संयोजक आर्थिक विकास समिति | | |
| ७. | | सदस्य सचिव | | |
| परियोजनाको तर्फबाट | | | | |
| १. | | अध्यक्ष/प्रोपाइटर | | |
| २. | | | | कामदार/कर्मचारी/हेरालु |
| ३. | | | | साक्षी |

टपिन्द्र प्रसाद [illegible]मल्सिना
गा.पा. अध्यक्ष